प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## शैक्षिक शत्र २०७५/०७६ मा डिप्लोमा तथा प्रमाणपत्र तहको वर्गिकृत (नि:शुल्क) छात्रवृत्तिमा मूख्य परीक्षार्थी (Main Candidate) भर्ना हुन नगई र थप शिक्षण संस्था स्वीकृत भएकाले रिक्त रहन आएको सिटमा उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुमध्येबाट छनौट गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति २०७५।०७।२०)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालयबाट मिति २०७५।०६।२१ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम निवेदन दिने डिप्लोमा/प्रमाणपत्र तहका बिभिन्न शैक्षिक कार्यक्रमहरुको परीक्षार्थीहरुलाई डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्वन्धी निर्देशिका, २०७४ (संशोधन सहित) बमोजिम वर्गिकृत (नि:शुल्क) छात्रवृत्तिमा मुख्य परीक्षार्थी सिफारिश भई भर्ना हुन नगई र परिषद्बाट थप शिक्षण संस्था स्वीकृत भएकाले रिक्त रहन आएको कोटा तथा कार्यक्रममा उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुमध्येबाट रितपुर्वकको आवेदन फाराम भरी प्रादेशिक रुपमा योग्यताक्रम तथा प्राथमिकिकरणका आधारमा भर्ना गर्न शिक्षण संस्था सिफारिश गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । सिफारिश गरिएका शिक्षण संस्था तथा परिक्षार्थीहरुको विवरण परिषद्को वेवसाइट www.ctevt.org.np मा प्रकाशित गरिएको छ ।

सिफारिश भएका मुख्य परिक्षार्थीहरुले तोकिएको शिक्षण संस्थामा परिषद्को वेभसाइटबाट नतिजा डाउनलोड गरी यो सूचना प्रकाशित भएको मितिले **१५ दिन (मिति २०७५।०८।०४ गते)** भित्र भर्ना भइसक्नुपर्ने भएकाले उल्लेखित म्याद भित्र भर्ना निर्देशिका, २०७४ (संशोधन सहित)मा उल्लेख भए बमोजिमका आवश्यक सक्कल कागजातहरु (शैक्षिक प्रमाणपत्रहरु र प्रवेश परीक्षाको प्रवेशपत्रको सक्कल प्रति) लिई तोकिएको शिक्षण संस्थामा भर्ना हुन जानु हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यदि कुनै तोकिएको कार्यक्रमको अध्यापन कार्य संचालन नहुने अवस्था आइपरेमा भर्ना सम्वन्धी निर्देशिकाको बुंदा नं ७ को (क) बमोजिम छात्रवृत्ति प्रदान गरिने छैन ।

छात्रवृत्तिमा भर्नाका लागि तोकिएका शिक्षण संस्थाहरुले यसै सूचनालाई आधारमानी परिषद्को वेभसाइट www.ctevt.org.np मा प्रकाशित नतिजा विवरण अनुसारका आफ्नो शिक्षण संस्थामा सिफारिश भएका परिक्षार्थीहरुको शैक्षिक कार्यक्रम अनुसारको शैक्षिक योग्यता तथा आवश्यक कागजातहरु भर्ना सम्वन्धी निर्देशिकाको बुंदा नम्बर ११ मा भएको प्रावधान अनुरुप रुजु गर्ने जिम्मेवारी सम्वन्धित शिक्षण संस्थाको प्राचार्यको हुने हुंदा सो रुजु गरी तोकिएको म्याद भित्र परीक्षार्थीबाट कुनै पनि शुल्क नलिई भर्ना गराउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ । उल्लेखित म्यादभित्र परिक्षार्थी भर्ना हुन नआई कोटा रिक्त रहन आएमा सम्वन्धित शिक्षण संस्थाले रिक्त रहेको कार्यक्रमको परीक्षार्थीको नाम, थर र लक्षित बर्ग समेत उल्लेख गरी परिषद्, प.नि.का.लाई अनिवार्य रुपमा ३ दिन भित्र (इमेल oce.ctevt@gmail.com) मा पत्र स्क्यान गरी लिखित जानकारी गराउनु हुन यसै सूचनाद्वारा सूचित गराइन्छ ।

तोकिएको मिति भित्र सम्वन्धित शिक्षण संस्थाले छात्रवृत्ति सम्वन्धी विवरणको जानकारी पेश नगरेमा भर्ना सम्वन्धी निर्देशिका २०७४ (संशोधन सहित)को बुंदा नं ७.१.५ र ७.१.६ बमोजिम भैजाने व्यहोरा समेत सूचित गरिन्छ ।

नोट : यो सूचना CTEVT को वेभसाइट www.ctevt.org.np मा पनि हेर्न सकिनेछ ।

**परीक्षा नियन्त्रक**